कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०८/०१ गते काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहरूमा वाणिज्य विभाग लगायत काठमाडौं उप-महानगरपालिका सँग संयुक्त निरीक्षण तथा अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| **खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको संयुक्त अनुगमन** | | | |
| १. | कविता वेभरेज प्रा. लि., चन्द्रागिरि -६, काठमाडौं | • जार भर्ने कक्ष पूर्ण रूपमा बन्द नरहेको<br>• सरसफाइ सामान्य रहेको<br>• U.V लाइट संचालनमा नरहेको<br>• उद्योग परिसरमा शील प्याक अवस्थाको जार उपलब्ध नभएको। | • UV लाइट नचलाई पानी भरेको पाइएकोले वाणिज्य विभाग द्वारा रु. १०,०००/- जरिबाना गरिएको<br>• प्रशोधित पिउने पानी उत्पादन मापदण्ड सम्बन्धी निर्देशिका, २०७४ बमोजिमको प्रावधानहरू पालना गरी उत्पादन तथा बिक्री वितरण गर्न निर्देशन दिएको। |
| २. | रत्न पार्क पाउ भण्डार, चन्द्रागिरि-१४०, काठमाडौं | • सरसफाइमा कमी रहेको<br>• अनुमति पत्र नवीकरण रहेको पाइएको। | • खाद्य स्वच्छता कायम राख्न र सरसफाइमा विशेष ध्यान दिन निर्देशन दिएको। |
| **मोबाइल खाद्य प्रयोगशाला भ्यान सहित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र काठमाडौं उप-महानगरपालिकाको संयुक्त अनुगमन** | | | |
| ३. | पि. के. चमेना गृह एण्ड रेष्टुरा, काठमाडौं-३१, बागबजार | • सरसफाइ सामान्य रहेको<br>• फ्राइ गर्ने तेलको TPM परीक्षण गर्दा ५.७ पाइएको<br>• स्टोरमा खाद्य पदार्थहरूको भण्डारण अव्यवस्थित रहेको<br>• किचनमा रहेको exhaust fan बिग्रेको अवस्थामा रहेको<br>• Pest control को व्यवस्था नरहेको। | • नियमित सरसफाइ गर्ने, खाद्य पदार्थहरूको भण्डारण व्यवस्थित गर्ने, Exhaust fan मर्मत गरी संचालनमा ल्याउने, Pest control को व्यवस्था गर्ने, र किचन परिसरमा कामदारहरूले अनिवार्य पोशाक तथा हेयर नेट, एप्रोन, मास्क लगायत प्रयोग गर्ने निर्देशन दिएको। |
| ४. | बागेश्वरी चमेना गृह, बूढानीलकण्ठ-५, काठमाडौं | • सरसफाइ सामान्य रहेको<br>• तयारी खाद्य पदार्थहरू नछोपी राखेको | • म्याद गुज्रिएको स्टिम चाउमीन (७०० ग्राम) नष्ट गरिएको |

| | | | |
|---|---|---|---|
| | (पि.के.क्याम्पस, बागबजार) | • फ्राइ गर्ने तेलको TPM परीक्षण गर्दा १५.० पाइएको<br>• मोबाइल खाद्य प्रयोगशाला भ्यानमा पिउने पानी परीक्षण गर्दा ammonia को मात्रा मापदण्ड अनुरूप पाइएको<br>• म्याद गुज्रिएको १ प्याकेट स्टिम चाउमीन पाइएको। | • नियमित सरसफाइ गर्ने, तयारी खाद्य पदार्थहरू छोपेर राख्ने र कामदारहरूले पोशाक तथा हेयर नेट, एप्रोन, मास्क लगायत नियमित प्रयोग गर्ने निर्देशन दिएको। |
| ५. | वज्रयोगिनी भोजनालय एण्ड खाजा घर, काठमाडौं, बागबजार | • सरसफाइ सामान्य रहेको<br>• फ्रिजरमा खाद्य पदार्थहरूको भण्डारण अव्यवस्थित रहेको<br>• तयारी खाद्य वस्तुहरू नछोपी राखेको<br>• कामदारहरूले किचन परिसरमा हेयर नेट तथा मास्क प्रयोग नगरेको<br>• किचन र भाँडा धुने ठाउँ सँगै रहेको। | • उल्लेखित सम्पूर्ण कैफियतहरू सुधार गर्ने र खाद्य स्वच्छता कायम गर्ने निर्देशन दिएको। |
| ६. | विमला स्वीट्स एण्ड चाट हाउस, काठमाडौं-२५, बागबजार | • सरसफाइ सामान्य रहेको<br>• तयारी खाद्य पदार्थहरू नछोपी राखेको<br>• मसीजन्य कागजबाट बनेको पेपर ब्याग (paper bag) करिब २०० थान पाइएको<br>• फ्राई गर्ने तेलको TPM परीक्षण गर्दा १३.० पाइएको<br>• फोहर फाल्ने dustbin नछोपी राखेको<br>• Pest control को व्यवस्था नरहेको। | • मसीजन्य पेपर ब्याग (२०० थान) नष्ट गरिएको<br>• नियमित सरसफाइ गर्ने, तयारी खाद्य पदार्थहरू छोपेर राख्ने, Dustbin छोपेर राख्ने, मसीजन्य पेपर ब्यागलाई खाद्य पदार्थहरूमा प्रत्यक्ष सम्पर्कमा आउने गरी प्रयोग नगर्ने, Pest control को व्यवस्था गर्ने र खाद्य स्वच्छता कायम गर्ने निर्देशन दिएको। |



डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०८/०७

<u>अनुगमनका केही झलकहरू</u>






